# फेदीखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

फेदीखोला, स्याङ्जा

आ.व: २०८३/०८४
सूचना नं: 09

मितिः २०८३।०४।०५

## अनुदानमा प्राप्त रासायनिक मलको कारोबार गर्ने बिक्रेता सुचिकृत तथा प्रमाणपत्र नविकरण सम्बन्धी सार्वजनिक सूचना !

यस गाउँपालिका क्षेत्रभित्र अनुदानमा प्राप्त रासायनिक मल बिक्री वितरण गर्ने गरी नियमानुसार दर्ता भएका कृषि सहकारीहरुले **अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२** को दफा १५ बमोजिम स्थानीय तहमा मलको कारोबार गर्ने विक्रेताको दर्ता तथा नवीकरण (विक्रेताको सूची अध्यावधिक) गर्ने व्यवस्थानुसार तपसिलमा उल्लेखित कागजात सहित गत आ.व. २०८२।०८३ मा मल बिक्री वितरण गर्दै आईरहेका कृषि सहकारीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन (मिति २०८३।०४।१९ गते) कार्यालय समय भित्र बिक्रेताको प्रमाणपत्र नविकरण गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै वडा नं ३ मा रासायनिक मलको कारोबार गर्न ईच्छुक कृषि सहकारी सूचिकृत हुन तथा मल बिक्री वितरण गर्दै आईरहेका कृषि सहकारीहरुले गत आ.व. २०८२।०८३ मा बिक्री गरेको मलको यथार्थ प्रमाणित विवरण पनि पेश गर्नुहुन सूचित गरिन्छ।

पेश गर्नुपर्ने कागजातहरु:

१. सुचिकृत वा नविकरण गर्नुपर्ने ढाँचा खुलेको निवेदन,
२. रासायनिक मल बिक्रेताको लागि प्राप्त सक्कल प्रमाणपत्र,(नविकरणको हकमा)
३. स्थायी लेखा नम्बरको प्रतिलिपि,
४. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
५. गत आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि,
६. नापतौल गर्ने मेसिन, गोदाम घर (भण्डारण प्रयोजनार्थ) तथा सूचना प्रचार लगायतका पुर्वाधारहरुको विवरण, (नयाँको हकमा)
७. कार्यसमितिको निर्णयको प्रतिलिपि,
८. सम्बन्धित वडा कार्यालयको सिफारिस

गत आ.व. २०८२।०८३ मा बिक्री गरेको विवरण निम्नानुसारको ढाँचामा पेश गर्नुहोला ।

| खरिद मिति | बिल न. | कृषि सामाग्री कम्पनि लि.बाट खरिद परिमाण (टनमा) | | | | साल्ट ट्रेडिङ कर्पोरेशन लि. बाट खरिद परिमाण (टनमा) | | | | लाभान्वित कृषक संख्या | हालसम्म बिक्री वितरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | युरिया | डि.ए.पि | पोटास | अन्य भए | युरिया | डि.ए.पि | पोटास | अन्य भए | | |
| | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | |

नोटः अनुदानको रासायनिक मलको कारोबार गर्ने बिक्रेताको प्रमाणपत्रको अवधि १ वर्षको हुनेछ।